नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(स्थानीय तह समन्वय शाखा) सिंहदरबार, काठमाडौं ।

फोन नं.: ०१-४२००५११

४२००३०४

मिति :- २०७६/११/०६

पत्र संख्या :- स्था.त.स.शा./फा.सं.-३/०७६/७७

च.नं. :- ३३२

श्री जिल्ला समन्वय समितिको कार्यालय (सबै)

श्री महानगरपालिका/उप-महानगरपालिका/नगरपालिका/गाउँपालिका (सबै) ।

बिषयः- राष्ट्रिय तथ्यगत विवरणमा तथ्याङ्क प्रविष्ट **(Data Entry)** गर्ने सम्बन्धमा ।

प्रस्तुत बिषयमा केन्द्रीय तथ्याङ्क विभागको च.नं. ८८० प.सं. ०७६/७७ मिति २०७६/११/०६ को राष्ट्रिय तथ्यगत विवरण (NDP) सम्बन्धि प्राप्त पत्र संलग्न छ । सो सम्बन्धमा थप व्यहोरा संलग्न पत्रबाट अवगत गर्नुभई तथ्याङ्क प्रविष्टको व्यवस्था मिलाउनुहुन आदेशानुसार अनुरोध छ ।

(जनकराज शर्मा)

शाखा अधिकृत

**वोधार्थ :**

श्री केन्द्रीय तथ्याङ्क विभाग, थापाथली, काठमाडौं ।

श्री सूचना तथा प्रविधि शाखा; **Website** मा **upload** गरिदिनुहुन ।

नेपाल सरकार
राष्ट्रिय योजना आयोग
# केन्द्रीय तथ्याङ्क विभाग

फोन ४२४५९४६, ४२४५९४७, ४२४५९४८, ४२४५८४८, ४२४१८०१, ४२२९४०६
फ्याक्स: ९७७-१-४२२७७२०
पो.ब.नं. ११०३१
रामशाहपथ
थापाथली, काठमाडौं

पत्र संख्या:- ०७६/७७
च.नं.:- ८८०

मिति : २०७६/११/०६

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाण्डौ ।

बिषय : राष्ट्रिय तथ्यगत विवरणमा तथ्याङ्क प्रविष्टि (Data Entry) गर्ने सम्बन्धमा ।

संघीय राज्य संरचना अनुकुल राष्ट्रिय रुपमा तथ्याङ्क व्यवस्थापन गरी सहज रुपमा आम नागरिकमा तथ्याङ्कको पहुँच अभिवृद्धि गर्न केन्द्रीय तथ्याङ्क विभागवाट अनलाईनमा आधारित राष्ट्रिय तथ्यगत विवरण तयार गरिएको छ । यस राष्ट्रिय तथ्यगत विवरण (National Data Profile, NDP) को उद्देश्य राष्ट्रिय रुपमा तथ्याङ्क उत्पादन गर्ने तीनै तहका निकायहरुवाट आफुले उत्पादन गरेका तथ्याङ्क NDP मा प्रविष्टि गराई सबै क्षेत्रका तथ्याङ्कलाई एकीकृत रुपमा संग्रह गरी आम जनतामा तथ्याङ्कको सहज आपूर्ति गराउनु रहेको छ । यस सन्दर्भमा स्थानीय तहहरुवाट आफ्नो क्षेत्र सम्बन्धित तथ्याङ्क NDP मा प्रविष्टि गराउने प्रयोजनका लागि username, password उपलब्ध गराई स्थानीय तहका सम्बन्धित कर्मचारीलाई तालिम समेत उपलब्ध गराई सकिएको छ । तर, स्थानीय तहहरुवाट NDP मा तथ्याङ्क प्रविष्टि गर्ने कार्य हालसम्म अपेक्षाकृत रुपमा सन्तोषजनक देखिएको छैन र प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको मिति २०७६/०५/०१ को पत्रानुसार राष्ट्रिय तथ्याङ्क प्रणालीको सुधार गर्ने सम्बन्धमा मिति २०७६/०४/३० को बैठकवाट स्थानीय तहका सूचकहरुको व्यवस्थापन स्थानीय तहबाटै हुनु उपयुक्त हुँदा यसका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सहजिकरण र समन्वय गर्ने भन्ने निर्णय भएको सन्दर्भमा तहाँ मन्त्रालयवाट सबै स्थानीय तहहरुमा NDP मा तथ्याङ्क प्रविष्टिका लागि परिपत्र गरि दिन हुन अनुरोध गर्दछु ।

पुनश्च : यस सम्बन्धमा थप जानकारी आवश्यक भएमा केन्द्रीय तथ्याङ्क विभाग, समन्वय तथा स्तर निर्धारण शाखामा सम्पर्क गर्न सकिने व्यहोरा अनुरोध गर्दछु ।

..................
नबिनलाल श्रेष्ठ
महानिर्देशक

बोधार्थ :
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार, काठमाण्डौ ।
श्री राष्ट्रिय योजना आयोग, सिंहदरवार, काठमाण्डौ ।

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

(लगानी, उत्पादन तथा रोजगारी प्रवर्द्धन महाशाखा)

फोन नं. ४२११०११
४२१११२
४२१११२५

सिंहदरबार, काठमाडौं
नेपाल ।

प.सं.:आ.पू./रा.यो.आ./२०७६/७७
च.नं. अ.उ./६१२/८६१

२०७६/५/१

श्रीमान् सचिवज्यू, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार ।
श्रीमान् सचिवज्यू, स्वास्थ्य मन्त्रालय, रामशाहपथ ।
श्रीमान् सचिवज्यू, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार ।
श्रीमान् सचिवज्यू, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबार ।
श्रीमान् सचिवज्यू, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबार ।
श्रीमान् सचिवज्यू, उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय, सिंहदरबार ।
श्रीमान् सचिवज्यू, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरबार ।
श्रीमान् सचिवज्यू, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सिंहदरबार ।
श्रीमान् सचिवज्यू, वन तथा वातावरण मन्त्रालय, सिंहदरबार ।
श्रीमान् सचिवज्यू, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबार ।
श्रीमान् सचिवज्यू, राष्ट्रिय योजना आयोगको सचिवालय, सिंहदरबार ।
श्रीमान् सचिवज्यू, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग, सिंहदरबार ।
श्रीमान् महानिर्देशकज्यू, केन्द्रिय तथ्याङ्क विभाग, थापाथली ।

विषयः बैठकको निर्णय सम्बन्धमा ।

संघीय राज्य संरचना अनुकूल तथ्याङ्क संकलन, वर्गिकरण र विश्लेषणको व्यवस्थापनका लागि राष्ट्रिय तथ्याङ्क प्रणालीको सुधार सम्बन्धमा मिति २०७६/४/३० मा सम्पन्न भएको बैठकको निर्णय जानकारी एवं आवश्यक कारवाहीका लागि यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध गर्दछु ।

([illegible])
शाखा अधिकृत

निर्णयहरू:

१. राष्ट्रिय तथ्याङ्क प्रणालीलाई प्रभावकारी तुल्याउन नेपाल सरकारका संघीय मन्त्रालयहरूले आफ्नो जिम्मामा परेका सूचकहरूको तथ्याङ्क व्यवस्थापन र प्रमाणिकरण (Data management and validation) गर्ने कार्यका लागि निश्चित सम्पर्क व्यक्ति (Focal Person) तोक्ने ।

२. स्थानीय तहको सूचकहरूको व्यवस्थापन स्थानीय तहबाटै हुनु उपयुक्त हुँदा यसका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सहजिकरण, समन्वय र अनुगमन गर्ने ।

३. राष्ट्रिय तथ्याङ्क प्रणालीलाई सबल एवम् पूर्ण तुल्याउने कार्यमा प्रदेश तथा स्थानीय तहहरूले गरेको उपलब्धीलाई पनि नेपाल सरकारले ती तहहरूलाई उपलब्ध गराउने वित्तीय हस्तान्तरणको सूत्रमा आबद्ध गराउने सम्भावनाका सम्बन्धमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगलाई अनुरोध गर्ने।

४. तथ्याङ्क प्रविष्टि (Data entry) कार्यलाई सहज एवम् एकरूपता कायम गर्न केन्द्रिय तथ्याङ्क विभागले NDP data entry video tutorial तयार गर्ने ।